मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँड्या, मकवानपुर
३ नं. प्रदेश, नेपाल

आज मिति २०७६ साल जेष्ठ ०९ गते बिहान ८:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देवराज चौलागांई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

निर्णय नं.१

वडा नं.१ को मकरी खानेपानी तथा सिंचाइ योजनाको पाइप लगायत फिटिङ्गस् हरु नियमानुसार कार्यालयबाट खरीद गरी उपलब्ध गराउने र बांकी श्रममुलक काम जिल्ला जलश्रोत समिति मकवानपुरमा दर्ता कायम रहेको हांडीखोला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमार्फत गर्ने गरि योजना/प्राबिधिक शाखाले प्रकृया अगाडी बढाएकोमा सो कामको अनुमोदन गर्ने निर्णय गर्ने निर्णय गरियो ।

निर्णय नं.२

चालु आ.ब.को तपशीलका योजना ठेक्का मार्फत कार्यान्वयन गर्न बोलपत्र आव्हान गरिएकोमा तोकियको समयावधी भित्र प्राप्त भइ मुल्यांकन समितिबाट मुल्यांकन समेतको आधारमा आयोजना स्वीकृत गर्ने आशयको सुचना समेत प्रकाशन भइसकेकोले मुल्यान समितिले पेश गरेबमोजिमको बोलपत्र स्वीकृति गर्ने निर्णय गरियो ।

तपशील:

| सि. नं | बोलपत्र नं | योजनाको नाम/स्थान | छनौट भएको निर्माण व्यबसायी | ल.ई.को अंक | कबोल अक | स्वीकृत/अस्वीकृत |
|---|---|---|---|---|---|---|
| १ | १९/०७५/०७६ | बृहत खानेपानी आयोजना वडा नं.८/९ | श्री शिव शक्ति इन्फ्रा डेभलपर्स हेटौंडा,मकवानपुर । | १९७०३८०९.८० | १४२६०५६६.५९ | स्वीकृत |
| २ | २०/०७५/०७६ | रमौली प्रतापपुर सडक स्तरीकरण | श्री सञ्जय निर्माण सेवा हेटौंडा,मकवानपुर । | ४८७०८३५.८४ | ३३९४३३५.१३ | स्वीकृत |

निर्णय नं.३

मिति २०७६/०२/०५ मा बसेको शिक्षा समिति बैठकबाट सिफारिस गरेबमोजीम तपशीलका शिक्षा बिकास तर्फका चालु शसर्त अनुदान कार्यक्रमहरुको बजेट तपशीलका बिधालयलाइ अनुदान स्वरुप उपलब्ध गराउन निर्णय गरियो ।

तपशील:

| सि.नं. | कार्यक्रमको नाम | बिधालयको नाम | वडा नं. | स्वीकृत रकम |
|---|---|---|---|---|
| १ | पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण | महेन्द्रज्योती मा.बि.<br>प्रजा आधारभुत बिधालय | ३<br>३ | ७०००००।<br>७०००००। |
| २ | गणित विज्ञान र अङ्ग्रेजी विषयका लागि कियाकलापमा आधारित सामाग्री | युवा बर्ष गंगा आधारभुत बिधालय | ९ | ५००००। |

एकराज उप्रेती
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | अनुदान | | | |
| ३ | माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | सीता माध्यमिक बिधालय | २ | ६५००००। |
| ४ | माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फिक्सीङ, किताव खरिद, तथा इ पुस्तकालय समेत) | राष्ट्रीय माध्यमिक बिधालय सुनाचुरी | ६ | ६५००००। |
| ५ | शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधी सुधार योजना कार्यान्वयन | प्रजा आधारभुत बिधालय<br>गंगा आधारभुत बिधालय | ३<br>९ | २०००।<br>२०००। |
| ६ | उत्कृष्ट सिकाइ उपलव्धी भएका विद्यालयलाइ सिकाइ सुदृढीकरण | भोजशिद्ध माध्यमिक बिधालय | ५ | २०००००। |
| ७ | शिक्षण सिकाइमा सुचना प्रविधि को प्रयोग(कम्प्यूटर,इन्टरनेट, कनेक्टिभिटी इक्यूपमेन्टस तथा सामग्री खरिद) का लागि अनुदान | राष्ट्रीय रोटरी माध्यमिक बिधालय | ७ | ६५००००। |
| ८ | विद्यालयलाइ कार्य सम्पादनमा आधारित अनुदान( Performance based Grants) | सीता माध्यमिक बिधालय<br>बालजिबन ज्योती माध्यमिक बिधालय<br>पशुपती माध्यमिक बिधालय<br>महेन्द्रकिरण माध्यमिक बिधालय<br>भोजशिद्ध माध्यमिक बिधालय | २<br>१<br>४<br>८<br>५ | ५००००।<br>५००००।<br>५००००।<br>५००००।<br>५००००। |

निर्णय नं ४.

वडा नं.७ मनहरी बजारमा रहेको ईलाका प्रहरी कार्यालय,मनहरीको प्राङ्गणभित्र एक सामुदायीक छलफल केन्द्र आबस्यक परेको भनि माग भइ आएकोले सो कार्यालय परिसर भित्र निर्माण हुने गरि सामुदायीक छलफल केन्द्र भबन बनाउन भैपरी आउने कोषबाट बिनियोजन गरी रु.३०००००। बजेट उपलब्ध गराउने निर्णय गरियो ।साथै सोही शीर्षकबाट भुक्तानी हुने गरि यस गांउपालिका वडा नं १ देखि ५ सम्म कार्यक्षत्र रहेको नेवारपानी प्रहरी चौकी परिसरमा एक सार्बजनिक शौचालय बनाउन रु.५००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५

मिति २०७५ कार्तिक ६ गतेका दिन यस गांउपालिका र राक्सिराङ्ग गांउपालिका बिच मनहरी खोला पुल देखि उत्तर राक्सिराङ्ग गांउपालिका क्षेत्र भित्रबाट संकलन र निकासी हुने नदिजन्य पदार्थको प्रदेश कानुन बमोजिम शुल्क संकलनको लागी भएको सहमति स्थगन गर्ने निर्णय गरियो।साथै यस गांउपालिका क्षेत्रका राप्ती,मनहरी खोला लगायत खहरेहरुबाट

संकलन गर्न सक्ने गरि गरिएको नदीजन्य पदार्थ उत्खनन् कार्यको प्रारम्भिक बाताबरणिय परिक्षण (IEE) प्रतिबेदन बन तथा बाताबरण मंत्रालय राष्ट्रीय निकुञ्ज तथा बन्यजन्तु संरक्षण बिभागबाट स्वीकृत समेत भएकोले सो प्रतिबेदनमा उल्लेखित परीमाण सम्मको नदीजन्य पदार्थ ढुङ्गा,गीटी,बालुवा उत्खनन कार्यकोलागी तत्कालै कार्यबिधि बनाइ अमानतबाट उत्खनन गर्ने व्यबस्था मिलाउने निर्णय गरियो ।साथै उत्खनन कार्य नियमित र प्रकृयागत ढंगबाट तोकिएको क्षेत्र र परीमाणमात्र संकलन भए नभएको अनुगमन गर्न र आबस्यक अन्य बिषयमा समन्वय सहजीकरणका लागी तपशील बमोजिम एक अनुगमन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपशीलः

| | |
|---|---|
| सम्बन्धित वडाका वडाअध्यक्ष | संयोजक |
| मध्यबर्ती व्यबस्थापन समिति प्रतिनिधी | सदस्य |
| पर्सा/चितवन राष्ट्रीय निकुञ्ज प्रतिनिधी | सदस्य |
| स्थानिय प्रहरी प्रतिनिधी | सदस्य |
| ५-उत्तम उप्रेती सम्बन्धित वडा समिति | सदस्य-सचिव |

एकराज उप्रेती अध्यक्ष

## निर्णय नं ६

हालै नेपाल सरकारबाट सुरु गरिएको प्रधानमंत्री स्वरोजगार कार्यक्रम कार्यान्विनका लागी उपलब्ध भएको रु.३३ लाख बजेट मध्य सो कार्यक्रम कार्यान्वयनका लागी निर्धारित मापदण्ड बमोजीम श्रममुलक योजना छनौट गरि संचालन गर्न वडा नं. ४ लाई रु.९ लाख र बांकी वडाहरुलाई रु.३/३ लाख रुपैया बिनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं ७

३ नं. प्रदेश सरकारबाट प्रस्ताब गरिएको घरेलु तथा कुटीर प्रकृतिका स्व-रोजगारमुलक उधोग ग्राम यस मनहरी गांउपालिका क्षेत्रमा स्थापना गर्न प्रदेश सरकारलाइ अनुरोध गरि लेखि पठाउने निर्णय गरियो।साथै सो उधोग ग्राम स्थापना गरि संचालन गर्ने कार्यमा प्रदेश सरकारलाई पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

## निर्णय नं ८

वडा नं. ७ मा रहेको मनहरी युवा क्लबले मिति २०७६-०२-२० गते देखि आयोजना गर्न प्रस्ताब गरेको प्रथम मनहरी अध्यक्ष कप फुटवल प्रतियोगीता कार्यक्रम स्वीकृत निर्णय गरियो ।साथै सो प्रतियोगिता संचालन गर्न चालु खर्च मा सोही बिषयकोलागि बिनियोजित शीर्षक मा रहेको रु.४ लाख मनहरी युवा क्लबलाइ नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं ९

तपशीलका योजनाहरुको बृस्तित परियोजना प्रस्ताब (DPR) तथा गुरु योजना(MASTER PLAN) तयार गर्नुपर्ने भएकोले सोको लागी प्राबिधिकबाट तयार भएको ल.ई. तथा TOR स्वीकृत गर्ने निर्णय गरियो ।साथै सो कामको लागी लाग्ने लागत बमोजिमको काम गर्न सार्बजनिक खरीद ऐन-२०६३ तथा नियमावली-२०६४ बमोजीम खरीद प्रकृयाबाट कार्यान्वयन गर्न प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपशीलः

निर्णय प्रमाणित प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती अध्यक्ष

| सि. नं. | योजनाको नाम | वडा नं. | रकम | शीर्षक |
|---|---|---|---|---|
| १ | शिद्धकाली मंदीर गुरुयोजना तयार गर्ने | ३ | २०००००। | परामर्श तथा अन्य सेवा शुल्क |
| २ | चुरे संरक्षण गुरुयोजना तयार गर्ने | १-५ | ५०००००। | परामर्श तथा अन्य सेवा शुल्क |
| ३ | ज्यामिरे देखि सिम्पानी पुलको मुख सम्मको बाटो डि.पि.आर. तयार गर्ने | ८,९ | ३०००००। | परामर्श तथा अन्य सेवा शुल्क |
| ४ | कालोटोल हुँदै कृषि [illegible] | ९ | 200000/- | उपभोक्ता [illegible] |

निर्णय नं १०

तपशील बमोजीमका माग भएका योजनाहरु तपशील बमोजीम शीर्षकबाट बिनियोजन गरि सम्बन्धित बिषयका उपभोक्ता समिति गठन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. | बिनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | महेन्द्रकिरण माध्यमिक बिधालय डेक्स बेञ्च निर्माण | ८ | २०००००। | विद्यालय तथा विद्यालय शिक्षक व्यवस्थापन |
| २ | जनचेतना प्रा.बि. डेक्स बेञ्च निर्माण | ५ | १५००००। | विद्यालय तथा विद्यालय शिक्षक व्यवस्थापन |
| ३ | युवा बर्ष गंगा आधारभुत बिधालय डेक्स बेञ्च निर्माण | ९ | १०००००। | विद्यालय तथा विद्यालय शिक्षक व्यवस्थापन |
| ४ | बिभिन्न बिधालयको लागी थप व्हाईट बोर्ड खरीद | गांउपालिका | ४०००००। | विद्यालय तथा विद्यालय शिक्षक व्यवस्थापन |
| ५ | पशुपती माध्यमिक बिधालयमा ईङ्गलिस मिडियम शैक्षिक सामग्री | ४ | १५००००। | विद्यालय तथा विद्यालय शिक्षक व्यवस्थापन |
| ६ | पानीघाट खानेपानी योजना ईनार निर्माण | २ | १०००००। | भैपरी आउने कोष |
| ७ | दोभान खानेपानी योजना निर्माण | २ | १०००००। | भैपरी आउने कोष |
| ८ | दुर्गा मंदीर निर्माण योजना | ८ | १५००००। | भैपरी आउने कोष |

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ९ | बगर टोल बाटो मर्मत | ८ | १०००००। | भैपरी आउने कोष |
| १२ | लामिटारमा ७ थान ट्युबवेल धारा निर्माण | ३ | ८००००। | भैपरी आउने कोष |
| १३ | गोगन पानीमा बिधुत तार खरीद | १ | १०००००। | भैपरी आउने कोष |
| १४ | भुन्द्रुङ्ग सिंचाई कुलो मर्मत | ३ | ३००००। | मरमत सम्भार कोष |
| १५ | मनहरी रमौली सामुदायीक पाहुना घरलाई सिरक डसना व्यवस्थापन | ७ | १०००००। | कन्टीन्जेन्सी |
| १६ | सहकारी दिबसमा भएको बाजा व्यवस्थापन | ४ | १००००। | बिबिध |
| १७ | बालबिबाह बिरुद्धको कार्यक्रम | ८,९ | ७००००। | बाल विबाह बिरुद्ध तालीम तथा सचेतना कार्यक्रम |
| १८ | कार्यालयलाई १ थान स्कुटर खरीद | गांउपालिका | २२५०००। | कन्टीन्जेन्सी |
| १९ | लामिटार निर्माणाधिन सभाहल कम्पाउण्ड वाल | ३ | ७०००००। | भैपरी आउने कोष |
| २० | खेलकुद सामग्री बितरणको रकम भुक्तानी | विभिन्न वडा | बिल बमोजीम | कन्टीन्जेन्सी |
| २१ | बिधुत तार पोल ढुवानी/ कार्यको बिलबमोजीम भुक्तानी | बिभिन्न वडा (नबिन सुवेदी) | १०४८००। | कन्टीन्जेन्सी |
| २२ | बिधुत तार पोल ढुवानी/ कार्यको बिलबमोजीम भुक्तानी | बिभिन्न वडा (नवराज सुवेदी) | ४१०००। | कन्टीन्जेन्सी |
| २३ | बिधुत तार पोल ढुवानी/ कार्यको बिलबमोजीम भुक्तानी | वडा नं ४(धुव खड्का) | २००००। | कन्टीन्जेन्सी |

निर्णय प्रसाईंत
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २४ | चकरी झुल्यान सिडी बाटो निर्माण | १ | २०००००। | भैपरी आउने कोष |
| २५ | गोगनपानी स्कुलडांडा बिचटोल खानेपानी पाइप र मोटर खरीद | १ | १५००००। | बिपद व्यबस्थापन कोष |
| २६ | राष्ट्रीय रोटरी मा.बि. खेलकुद चौर मर्मत | ७ | १०००००। | खेलमैदान तथा मर्मत संभार |
| २७ | पण्डीतको घर हुँदै अर्जुन अर्याल घर सम्म बाटो स्तरीकरण तथा ग्राभेलिङ्ग | ३ | १५००००। | मर्मत सम्भार कोष |
| २८ | नवज्योती प्रा.बि.लाइ नबनिर्मित भबनमा ढुङ्गा/गीटी/बालुवा/काठ खरीद सहयोग | ३ | १५००००। | मर्मत सम्भार कोष |

निर्णय नं ११

यस अघि बिभिन्न मितिमा निर्णय भएका योजनाहरुको नाम परिबर्तन गर्ने गरि वडा अध्यक्षमार्फत नाम संसोधनको लागी प्राप्त र सभाबाट बिनियोजीक केही कार्यक्रमको नाम तपशील बमोजीम परिबर्तन गरि अथवा आँसिक कट्टा गरि कार्यान्वियन गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं. | साबिक योजना/कार्यक्रमको नाम | हाल कायम गर्नुपर्ने योजना/कार्यक्रमको नाम | वडा नं | रकम |
|---|---|---|---|---|
| १ | चुवारपाखा-कालीखोला बाटो मर्मत | ट्वाङ्ग्रा मंदीर चौर निर्माण/मर्मत | ४ | ७००००। |
| २ | गुम्बाटोल खानेपानी निर्माण/मर्मत६०•४० | रमणटार बाटो स्तरीकरण तथा मर्मत तथा स्लाब ढलान | ७ | ल.ई.बमोजीम (बढीमा४ लाख) |
| ३ | क्रिष्टल गहना बनाउने तालिम | मखमल जुत्ता/चप्पल बनाउने तालिम | गा.पा. | १०००००। |
| ४ | योजना तर्जुमा प्रकृया वडा भेला आदी (बाट कट्टा गरि) | युवा मैत्रि गांउपालिका सम्बन्धि सचेतना तालिम | गा.पा. | १५००००। |

निर्णय नं १२

वडा नं.६ मा घरेलु मदिरा बिस्थापन गर्ने गरि जिबिको पार्जन तथा आय आर्जन कार्यक्रम अन्तर्गत आदिबासी जनजाती समुदायका महिलाहरुलाई बितरण गरिएको बाखा खरीदको बिल बमोजिमको रकम हिंसा, बेचबिखन, आर्थिक बिपन्न र सहारा बिहिन महिलालाई आयआर्जनमा सहयोग कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १३

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

यस अघिको कार्यपालिकाबाट निर्णय भएबमोजिम वडागत रुपमा लोकल कुखुरा पालन/प्रवर्द्धन कार्यक्रमलाइ बिनियोजित रकम बाट लोकल कुखुरा पालन कार्यको लागी वडाको सिफारिस सहीत प्राप्त तपशीलका व्यक्ति/समुहको आबेदन स्वीकृत गर्ने निर्णय गरियो ।साथै छनौट भएका व्यक्ति/समुह संग नियमानुसार सम्झौता गरि खोर तथा कुखुरा पालन कार्यको मुल्यांकनबाट देखिए बराबर वा दुइ लाख सम्म जुन कम हुन्छ सोही बराबर अनुदान स्वरुप भुक्तानी दिने निर्णय गरियो ।

तपशील:

| सि.नं. | वडा नं. | टोल | समुहको नाम | अध्यक्षको नाम |
|---|---|---|---|---|
| १ | ८ | | जनमुखि कृषि फर्म | सहदेब गिरी |
| २ | ७ | रमौली | रमौली युवा कुखुरा पालन समुह | दिपा मुक्तान लामा |
| ३ | ५ | बशन्तपुर | शीर्जनशील बशन्तपुर महिला समुह | रमा थापा |
| ४ | ९ | ज्यामिरे | महिला एकता कृषि समुह | अनिता स्याङ्बो |

निर्णय नं १४

तपशीलका व्यक्तिहरुलाई बिभिन्न रोगको उपचार गर्न आर्थिक सहयोग पांउ भनि दिएको निबेदको आधारमा मेडीकल बोर्डको सिफारिस बमोजिम तपशील बमोजीम औषधी उपचार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशील:

| सि.नं. | पिडितको नामथर | वडा नं. | रोगको बिषय | सहयोग रकम | शीर्षक |
|---|---|---|---|---|---|
| १ | सरस्वती रिजाल | ७ | क्यान्सर | २५०००। | अनुदान तथा आर्थिक सहायता |
| २ | भिमलाल मुक्तान | ६ | मृगौला रोग | २५०००। | अनुदान तथा आर्थिक सहायता |
| ३ | नरबहादुर बर्तौला | ७ | क्यान्सर | २५०००। | अनुदान तथा आर्थिक सहायता |
| ४ | अर्पण गोले | १ | टाउकोमा चोट | २५०००। | अनुदान तथा आर्थिक सहायता |
| ५ | अम्बरबहादुर सामरी | ७ | मुटुको भल्भ | २५०००। | अनुदान तथा आर्थिक सहायता |
| ६ | अञ्जु बोट | ७ | मुटुरोग | २५०००। | अनुदान तथा आर्थिक सहायता |

निर्णय नं १५

जिन्सी शाखाबाट तयार भई योजना तथा प्राबिधिक शाखाबाट समेत सिफारिस भएको स्वीकृतिको लागी प्राप्त मनहरी गांउ पालिकाको आ.ब.०७५/०७६ कन्टीन्जेन्सी प्लान लाई स्वीकृत गरियो ।

निर्णय नं १६

वडा नं ६ मा रहेको गांउपालिकाको अस्थायी कर चौकीमा सोही वडा निबासी ज्ञानबहादुर घिसिङ्गको घरको मिटरबाट बिगत देखिनै बत्ति बाल्न,पानी पम्प चलाउन,हीटर पंखा चलाउन तथा अन्य प्रयोजनकोलागि (एकलौटी रुपमा) बिधुत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँडिया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रयोग गरेकोमा २०७५ श्रावण देखिकै बिधुत महशुल बिल बमोजिमको रकम नियमानुसार गीटी बालुवाको व्यबस्थापन

| सि.नं. | संसोधन वा थप गर्नुपर्ने दफा | संसोधन वा थप गर्नुपर्ने बिषय | संसोधन वा थप गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | ार्यबिधिको दफा २ संग सम्बन्धित अनुसुची-५ को बुंदा नं ३(क) मा भएको ट्रीपर/टयाक्टर(एक/एक थान) | कार्यबिधिको दफा २ संग सम्बन्धित अनुसुची-५ को बुंदा नं ३ (क) मा भएको ट्रीपर वा टयाक्टर एक थान भनि संसोधन गर्ने | इजाजत पत्र जारी गर्ने प्राबधान सरलिकृत गर्नु परेकोले |

शीर्षक बाट बिधुत प्राधिकरणलाइ भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १७

मिति २०७५/०२/०३ मा कार्यपालिकाबाट स्वीकृत भएको घ बर्गको निर्माण व्यबसायी इजाजतपत्र सम्बन्धि कार्यबिधि-२०५५ मा तपशील बमोजीम संसोधन गर्ने निर्णय गरियो:

तपशिल:

निर्णय नं १८

वडा अध्यक्ष बाहेकका कार्यपालिका सदस्यहरुलाई नियमानुसार मासिक रु.५००। सम्म संचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १९

खेलकुद बिकास तर्फ शसर्त कार्यक्रम राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता सम्बन्धि खेलकुद कार्यक्रममा बिनियोजित रु. १ लाखबाट कुनै एक बिधालय छनौट गरि सो बिधालयको संयजकत्वमा राष्ट्रपति रनिङ्ग सिल्डकोलागी बिधार्थि/खेलाडी छनौट गर्न सम्पन्न गर्न गराउन पर्ने सबै काम गर्नको लागी शिक्षा अधिकृत लाइ अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

निर्णय नं २०

गत बैठकबाट निर्णय भएका तपशिलका योजनाहरुमा बिनियोजित रकम भुलबस फरक परेकोले तपशील हुने गरि संसोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | यस अधि बिनियोजित रकम | संसोधन बिनियोजित रकम |
|---|---|---|---|
| १ | बलौटा टोल खानेपानी योजना मर्मत वडा नं ९ | ५००००। | १०००००। |
| २ | लोथर खानेपानी (मुल बजार )मर्मत सम्भार | १०००००। | ५००००। |

निर्णय नं २१

उर्जा लघु तथा साना जलबिधुत शीर्षक अन्तर्गत शसर्त चालु कार्यक्रममा बिनियोजित तपशीलको रकमबाट तपशील बमोजिम कार्यक्रम क्रियाकलाप(संसोधन समेत) तर्जुमा गरि सम्पन्न गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं | साबिक कार्यक्रमको नाम | संसोधित कार्यक्रमको नाम | कार्यान्वयन स्थल | रकम |
|---|---|---|---|---|
| १ | नितिगत,प्रशासनिक तथा व्यबस्थापन खर्च | २ थान ईन्भर्टर/व्याट्री व्याकअप सिस्टम खरीद | गा.पा./सभाहल/ईजलास | २५००००। |
| २ | सुधारिएको चुलो(बायोमास)प्रबिधि जडान,उर्जाको उत्पादनमुलक परिप्रयोग,सौर्य उर्जा प्रबिधि जडान | सोलार स्ट्रीट लाईट जडान गर्ने | रजैया-लामिटार पुल-२ थान,गांउसभाहल परिसर-१ थान,मनहरी ३(साननान्टारपारी)-१ थान,बांकी मनहरी बजारमा | ६७३०००। |
| ३ | बायोग्यास जडान | नयां गोबरग्यार प्लान्ट निर्माण अनुदान(सामुदायीक बन समुहको सिफारिस सहीत पशुपालक कृषक संग आवेदन माग गरि) | मनहरी गां.पा.वडा नं ४ मसिने मध्यवर्ति,वडा नं ३ धनेश्वरी मध्यवर्ति,वडा नं १ जनजाग्रीति सामुदायीक बन उपभोक्ता समुह को सिफारिसमा २/२ वटा कोटा बितरण गर्ने | ९००००।अनुदान<br>१००००।<br>अनुगमन निरीक्षण |

निर्णय नं २२

तपशीलका साबिक बिनियोजन भएको आदिबासि जनजाती लक्षित कार्यक्रममा रहेको चालु कार्यक्रमको नाम परिबर्तन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं | साबिक कार्यक्रम/योजनाको नाम | परिबर्तन हुने कार्यक्रम/योजनाको नाम | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | आदिबासी जनजाती मुडा बनाउने तालिम | टनेल खेती अनुदान-१० जना<br>डल कुशन बनाउने तालिम | १०००००।<br>५००००। |

निर्णय नं २३

श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले सिफारिस गरे बमोजीम आगामी आ.ब.०७६/०७७ को लागी योजना प्राथमिकिकरणको आधार तपशील बमोजिम निर्धारण गर्ने, आगामी बजेटको सिमा तपशील बमोजीम रहने गरि स्वीकृत गर्ने निर्णय गरियो साथै तपशील बमोजीमनै वडागत रुपले बिषय क्षेत्रगत बजेट सिमा तोक्ने र मिति २०७५/०२/२० गते भित्रमा बस्तिस्तर योजना सहित वडा स्तर योजना छनौट गरि पठाउन वडाहरुमा लेखि पठाउने निर्णय गरियो ।

तपशीलः

क. आगामी आ.ब.०७६/०७७ को लागी योजना प्राथमिकिकरणको आधारः

1. नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूचि ।
2. गाउँपालिकाको नीति तथा प्राथमिकतालाई मध्यनजर गरी कार्यक्रम तय गर्ने ।
3. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शनले तोकेका योजना तर्जुमाका आधारहरु ।
4. आ.ब.२०७६/०७७ को संघीय सरकारको नीति तथा कार्यक्रमलाई सहयोग पुर्याउने ।
5. नेपाल सरकार अर्थ मन्त्रालयवाट प्राप्त स्थानीय तहको बजेट तथा कार्यक्रम सम्बन्धी परिपत्रको परिपालन गर्ने ।
6. विगतका क्रमागत तथा अधुरा आयोजनाहरुमा बजेट विनियोजन गर्ने ।
7. विगतमा विभिन्न कार्यालयहरुबाट सञ्चालन हुने आयोजना तथा परियोजना हस्तान्तरीत भएकोमा सो लाई आवश्यक रकम विनियोजन गर्ने
8. स्थानीय जनताका आवश्यकता र प्राथमिकतामा ध्यान दिने
9. दिगो विकासका लक्ष्य प्राप्तीमा ध्यान दिने
10. बातावरण मैत्री स्थानीय शासन तथा बालमैत्री स्थानीय शासन कायम गर्न बजेट विनियोजन गर्ने ।
11. हरेक वडामा कम्तीमा एउटा ५० लाख भन्दा माथिको योजना कायम गर्न प्रयास गर्ने
12. स-साना आयोजनामा रकम छर्ने प्रवृतिको अन्त्य गर्ने ।
13. समावेशी विकासलाई ध्यान दिने ।
14. समाजका पिछडिएका वर्ग तथा समुदायलाई मूल धारमा ल्याउने प्रकृतिका आयोजनालाई प्राथमिकता दिने।

प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

15. एक गाउँ एक उत्पादन, नमूना गाउँ, युवा स्वरोजगार, पोल विस्थापन कार्यक्रम जस्ता कार्यक्रमलाइ रकम विनियोजन गर्ने ।
16. कृषि, पूर्वाधार, विकास बन बातावरण र पर्यटनलाई केन्द्रमा राखी बजेट विनियोजन गर्ने.
17. सामाजिक भेदभाव, कुरिति, अन्धविश्वास, शोषण जस्ता सामाजिक खराबि हटाउन सहयोग पुग्ने ।
18. शहरी मापदण्ड अनुसारको पूर्वाधार विकासमा ध्यान दिने ।
19. अन्य स्थानीय आवश्यकता तथा प्राथमिकता ।

ख. आगामी आ.ब.०७६/०७७ को लागी बजेट कुल बजेट सीमा तथा वडागत विषय क्षेत्रगत बजेट सीमाः

आन्तरीक आय, राजस्व बाँडफाँडबाट प्राप्त आय, संघीय सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण, सशर्त अनुदान लगायतका आय शीर्षकको आधारमा आ.ब.२०७६/०७७ मा यस गाउँपालिकाको बजेट सीमा तपशिल बमोजिम हुने अनुमान गरियो ।

**आयको विवरण**

आ.व.२०७६/०७७

रु. हजारमा

| शीर्षक | आ.व.२०७६/०७७ कोअनुमान |
|---|---|
| आयः | ५९६४७४.०० |
| राजस्वः | १३१५००.०० |
| आन्तरिक राजस्व | ६५००.०० |
| राजस्व बाँडफाँडबाटप्राप्त रकम | १२५०००.०० |
| अन्य आय | |
| अन्तर सरकारी वित्तीयहस्तान्तरण | ४६२४७४.०० |
| नेपाल सरकारबाटप्राप्त (वि.स.अ.) | १२५३००.०० |
| नेपाल सरकारबाटप्राप्त (राजस्व बांडफांड) | १०४६००.०० |
| नेपाल सरकारसामाजीक सुरक्षाअनुदान | ८००००.०० |
| प्रदेश सरकारबाटप्राप्त | २८६२४.०० |

एकराज उप्रेती
अध्यक्ष

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| अन्तर स्थानीय तहबाटप्राप्त | ०.०० |
| शशर्त अनुदान | १२३९५०.०० |
| जनसहभागिताः | २५००.०० |
| नगद सहभागिता | २५००.०० |
| श्रम तथा वस्तुगतसहायता | ०.०० |

ग. वडागत बजेट सिलिङ्गः

| क्र.स. | विवरण | | रकम रु.हजारमा |
|---|---|---|---|
| १ | कूल बजेट सीमा | | |
| २ | पुँजीगत खर्च | | ५०,००,०००। |
| | क | आर्थिक बिकास | वडा समितिले निर्णय गरेबमोजिम |
| | ख | पूर्वाधार बिकास | वडा समितिले निर्णय गरेबमोजिम |
| | ग | वातावरण तथा विपद् व्यवस्थापन समिति | वडा समितिले निर्णय गरेबमोजिम |

प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष